THE SHAKYAS OF KAPILAVASTU

Report Writing

By

Nikesh Maharjan (Khemand)

Roll No. 02(2075)

Central Department of

Nepalese History Culture and Archaeology

Tribhuvan University

2019

<u>Subject</u>

Ancient Polity and Political History of Ancient Nepal, NeHCA - 551

1st Semester

2075 (2019)

Lecture: Dr. Poonam Rana

TABLE OF CONTENT

		page
1.	Introduction	1
2.	Ancient Bharat	2-3
3.	Establishment of Kapilavastu	4
	Republican Kapilavastu	4-6
	4. Shakya Clan	7-8
	5. Fall of Kapilavastu	9-10
	6. Conclusion	11
	7. Figure	12-13
	8. Bibliography	14

Introduction

शाक्यहरुको कपिलवस्तु राज्य लामो ईतिहास बोकेको एउँटा ठुलो गणराज्यको रुपमा विगतमा चिनीन्थ्यो, पछि लामो समयान्तर सम्म जङ्गली जनावरहरुको कारणवश, सो ठाउँमा मानिसहरुको नजारा बाट लुकिएर रहीयो, लुम्बिनिको अस्तित्व भेट्टीन लगत्तै चिनियाँ यात्रीहरुको वृत्तान्त र बौद्ध ग्रन्थहरुको अनुसार कपिलवस्तुको खोज भयो, लुम्बिनिको पश्चिमी भाग तिर २७ कि.मी. को दुरीमा स्थीत तिलौराकोटमा निश्चित रुपमा शुद्धोदनको दर्वारको किल्ला फेलापर्येको थियो । 'संसारलाई अविहिंसाको मार्ग देखाउनु भएका महान व्यक्ति' सिद्धार्थका (गौतम बुद्ध) २९ वर्ष सम्म आफ्नो सम्पूर्ण बाल्यकाल यही कपिलवस्तुमानै बिताएको हुनाले यो थाउँ अत्यन्तै महत्वपूर्ण हुन पुग्दछन् ।

शाकमय वृक्षहरु फाँडेर, कपिल ऋषिको आज्ञा अनुसार बसालिएका राज्य हुनाले यो 'कपिल+वस्तु'=कपिलवस्तु हुनगएको र वंश शाक्य हुनगएको मानीन्छन्। २९ वर्षको उमेरमा (महाभिनिष्क्रमण) गृह त्याग गरेरको र बुद्धत्व प्राप्त गरे पश्चात पहिलो पटक बुबा शुद्धोदनको निमन्त्रना स्वीकारी कालुदाई भिक्षुको नेतृत्वमा कपिलवस्तुमा सम्प्राप्त भएको, भगवान बुद्ध सहित वहाँको शिष्यहरुलाई आवासको रुपमा निग्रोधाराम विहार (कुदान) वनाईदिएको इत्यादी महत्वपूर्ण घटनाहरु बोकेका राज्यको रुपमा शाक्यहरुको कपिलवस्तु राज्य चिन्न सकिन्छ ।

वर्तमान का कपिलवस्तु दुई मुलुक नेपाल तथा भारतका सिमानामा पर्नेहुनाले विगतका विशाल राज्य क्रमशः गाउँको स्वरुप लिएको पाईन्छ र केही भू-भागहरु भने अझैं उत्खनन् हुन बाकीनै छन्, त्यसो भएतापनी देशीय तथा विदेशीयहरुको ठुलो धार्मिक तिर्थस्थलको रुपमा वर्तमान सम्म आई पुग्दा ठूलो परिवर्तन भएको पाईन्छ ।

Ancient Bharat (प्राचीन भतरत)

प्राचीन कालका भतरतका राज्यहरु स-साना राज्यहरुमा विभाजीत थियो, जस्लाई भारतवर्ष भनीन्थ्यो, यी राज्यहरुमा विभिन्न कालखण्डमा विभिन्न शासकहरु द्वारा राज्य खडा गरीएको पाईन्छ, कतिपय अवस्थामा कम्जोर शासकहरुको उदय भएमा आफ्नै सामन्तहरुले समेत राजा विरोध आक्रमण गरेको र शासन शत्ता आफ्नो हातमा लिएका पाईन्छ ।

भारतका शासन प्रणालिका बारेमा थपजानकारी स्रोतहरु केवल बौद्ध ग्रन्थ तथा जैन ग्रन्थहरु बाट मात्र हामिले वर्तमानमा प्राप्त गर्न सकीरहीरहेका छौं। तत् कालीन भारत वर्षमा १६ वटा गरी महा जनपदहरु विभाजित थियो, यहाँ जनपद भनेको वर्तमानको अनुसार राज्य जस्तै हो, यी राज्य अथवा महा जनपद हरुमापनि भित्र स्वतन्त्र गणराज्यहरु रहेको पाईन्छ, बौद्ध ग्रन्थ चुल्लनिद्दॆश, जातक, महावस्तु, ललितविस्तर, दिव्यावदान ग्रन्थहरु र जैन ग्रन्थ भगवती शूत्र आदी ग्रन्थहरुमा तत् कालीन भारतमा १६ वटा महा जनपद हरु विभाजन गरीएका पाईछ,

१. अंग	६. अवन्ति	११. कुरु	१६. अस्सक ।
२. मगध	७. शूरसेन	१२. पंचाल	
३. काशी	८. वज्जि	१३. गन्धार	
४. कोशल	९. मल्ल	१४. काम्बोज	
५. वत्स	१०.चेढी	१५. मत्स	

‘तत् कालीन भारतवर्षका, उक्त जनपदहरु मध्येमापनी ४ वटा मुख्य शक्तिशालि महा जनपदहरु थियो,

१. मगध २. कोशल ३. वत्स ४. अवन्ति,[1]

उक्त मुख्य चार वटै महा जनपदहरुमा महा शक्तिशालि शासकहरु द्वारा शासन गर्दथ्यो, जस्तै मगधमा बिम्बिसार, कोशलमा प्रशेनदी, वत्स्यमा उदयन र अवन्तिमा चन्दपज्जोत'।(Anguttaranikaya, 2006)[१]

यी मुख्य चार राज्यहरुमापनी विभिन्न स-साना राज्यहरु थियो जस्मा राजा, रानि हुन्थ्यो युवराजको भुमिका पनि कायमै थियो, सेनापती, महासेनापति, मन्त्रि मण्डल, राजालाई उपदेश दिनकालागी राजपुरोहित, न्याय स्वयं राजालेनै दिईन्थ्यो, सो समयका महा जनपद अथवा राज्यहरुमा आफु सक्षम, बलान्वित, राज्य को राजा हुन मुख्यतः (चतुरंगनी सेना) चारवर्गका महासेना हरु अनिवार्य रुपमा हुनुपर्ने मान्यता थियो,

१.हस्ति सेना, हात्ति परिचालन गर्ने सिपाही,

२.अस्स सेना, घोडाहरु परिचालन गर्ने सिपाही,

३.रथ सेना, चार अथवा दुई चक्र भएका रथ परिचालन गर्ने सिपाही,

४.पाबल सेना, हस्ति, अस्स, रथको आधार नभई संग्राम भूमीमा परिचालन हुने सिपाही,

उक्त सेनाहरु भएका जनपद अथवा राज्यहरुमा अन्य राज्यहरुले कब्जा गर्न, राज्य दबाउन दुई पटक सोच्नु पर्ने हुन्थ्यो।

तत्कालीन जनपदहरुमा सेनाको संख्यामा मात्रै सीमित भएको पाईन्दैन, सेनाहरुका साथ नगरीय किल्लाहरुपनि शक्तिशालीका रुपमा बनाउँने प्रचलन थियो, अग्ला अग्ला पर्खाल, शत्रू बाट बच्न मोट्टो पर्खाल बनाईन्थ्यो र बाहीय भागमा पानी जमाई विशालू सत्वहरु पाल्ने गरीन्थ्यो र नगरीय चारै दिशामा मुख्य प्रवेश द्वार राखिने चलन थियो र उक्त द्वार अवश्यको समयमा द्वार र अन्य अवस्थामा पूलको अथवा तापुँको रुपमा पनी प्रयोग गर्न सकिन्थ्यो, यो प्रवेश द्वार बाट समयमानै प्रवेश नगरेको खण्डमा उनी बाहिरनै रात्रीको समय रात बिटाउँनु परिन्थ्यो, बाहिर रात्री विताउँनका लागी धर्मशालाको बन्दोबस्त गरीदिएको हुन्थ्यो, जस्मा सबै पूर्वाधारहरु समन्वित हुन्थ्यो । (Jataka, 2007)[२]

Establishment of Kapilavastu (कपिलवस्तुका स्थापना)

भारत वर्षमा रहेका सोह्र महा जनपदहरु मध्ये शक्तिशाली राज्यको रुपमा मानीने चार वटा जनपद हरु मध्ये कोशल जनपद निकै शक्तिशाली जनपदको रुपमा चिनिन्छन्, बुद्ध कालीन भारमा यो राज्य दुई भागमा विभाजन गरीएको पाईन्छन्, दक्षिणी भाग र उत्तरी भाग गरी, दक्षिणी भागमा कुशावती थियो भने उत्तरीय भागमा श्रावस्ती पर्दथ्यो, यही उत्तरीय भागमा भने कपिलवस्तु शाक्यहरुका गणराज्य पनी पर्दथ्यो ।

बौद्ध ग्रन्थ, 'दीघनिकाय'लाई अट्ठकथाका रुपमा सविस्तरात्मक रुपमा व्याख्या गरीएका कृति 'सुमंगलविलासिनी'मा कपिलवस्तुका बारेमा यस् प्रकार उल्लेख गरीएको पाईन्छ, 'प्राग बुद्धकालीन भारतका शक्तिशाली राज्य रुपमा चिनीने कोशल जनपदका शासक ओक्काक, जस्को थुप्रै रानिहरु थिईन् त्यस् मध्ये जेठी महारानिकी चार छोरा र पाचँ छोरीहरु थिईन्, यिनिहरुले उत्तराधीकारी जमाईरहेको अवस्थामा, राजाका कान्छि रानिले कुटनैटिकताले महा रानीकी चार छोरा, पाचँ छोरीहरुलाई देश निकाला गरीदियो, कारण आफ्नै सन्तानलाई राज गद्दी दिनकालागी, यी देशनिकाला भएका राज कुमार, राज कुमारीहरु कोशल बाट उत्तरीय भाग, हिमालको पादमूलमा पुगेको र तिनीहरुले त्यहाँ कपिल भन्ने (मुनी) ऋषि भेटिएको र उन्लाई सम्मान, सत्कार गरीएको, यी राज कुमार, कुमारीहरुको सेवाभाव बाट प्रभावीत भई कपिल ऋषिको आज्ञा अनुसार उनीहरुले बस्ती बसालेका हुनाले 'कपिल+वस्तु'= कपिलवस्तु नाम हुनगएको मानीन्छ र बस्ति बसाल्न शाकमय वृक्षहरु फाँडेका हुनाले यिनीह्रुको वंश शाक्य रहन गयो' भन्ने कारण उल्लेख गरीएको पाईन्छन् ।

Republican Kapilavastu (कपिलवस्तु गणराज्य)

'विगतका कपिलवस्तु, वर्तमानमा दुई मुलुकका सिमाना बिचमा पर्दछन्, भारतका बिहार प्रदेशका पिप्रहवा मा केहि कपिलवस्तु भूभाग पर्दछन् भने नेपालको तराई क्षेत्र तिलौराकोटमा पनि पर्दछन्,'[2] यी कपिलवस्तु राज्य लामो समयावधी सम्म माटोको तहले विलाएको थियो, 'जब पाल्पाका हाकिम खडग सम्शेर ज.ब.रा ले जंङ्गलमा अवस्थीत लुम्बिनीको अशोक स्तम्भको फेला पार्यो, त्यस् पछी वि.सं १९५२ मा जर्मनका

पुरातत्ववीद् डा. ए. फुहरर द्वारा अध्ययन अनुसन्धान पछी निश्चित रुपमा “ ” ‘यहिनै शाक्यमुनि बुद्धको जन्म भएको हो’ भन्ने ब्रह्मि लिपि बाट उल्लेखित, पालि भाषामय अभिलेख बाट पट्टा लगाएको थियो’ (Ancient and Medieval History of Nepal, 2074 B.s)[३] त्यसपछी कपिलवस्तुको पनि खोज यहि क्रम वाट जारी भयो विभिन्न जातक कथा तथा चीन यात्रिहरुका वृत्तान्त बाट, पछि लुम्बिनि बाट पश्चिम दिशा पट्टीमा २७ कि.मी को दुरिमा ई.पू ६,७ को राजा शुद्धोदनको राजमालीगा फेला पर्यो ।

‘विगतमा कपिलवस्तुको शासन व्यवस्था गणतान्त्रीक थियो, सानो-सानो गणतन्त्रका एकाईहरुबाट छानीएर आएका केन्द्रीय समितीका सदस्यहरुले संस्थागारमा भेलाभएर राजकाज सम्बन्धी कुरामा विचार विमर्श गर्दथे । यस्ता केन्द्रीय समीतिका समीतिलाई राजा र उन्का छोराहरुलाई युवराज भनीन्थ्यो । केन्द्रीय स्तरका संथागारले परराष्ट्र नीतिको संचालन गर्दथ्यो । यो राज्यको सिमाना भने यकीनका साथ भनन सकिन्न, केहि जातक कथा हरुका आधारमा भने यस्को सिमाना भने भागीरथी (वाणगङ्गा) नदीको किनारामा, हिमालयको नजिक अवस्थितमा थियो। त्यसबेला पूर्वमा रोहिणी नदी, पश्चिममा राप्ति नदी, उत्तरमा हिमाल र दक्षिणमा पावा, कुशीनगर सम्म कपिलवस्तुको राज्य फैलीएको थियो,’[3] यस कपिलवस्तु राज्यका सडकमार्ग द्वारा लुम्बिनीलाई पावा, कुशीनगर, वैशाली र राजगृहबाट जोडीएको थियो। मगध र कोशललाई जोड्ने बाटो कपिलवस्तु, लुम्बिनी र रामग्राम (कोलीयग्राम) हुँदै गएको थियो,’ (Ancient and Medieval History of Nepal, 2074 B.s)[४]

सो गणराज्यका सिमानाको सर्वेक्षण गर्दा यस्को भू-भाग विशाल क्षेत्र सम्ममा फैलीएका थियो भन्ने अनुमान लगाउन सकीन्छ । बौद्ध ग्रन्थहरुका आधारमा, यो राज्यमा ‘‘कपिलवत्थुस्मिं महा वने....’’ ‘कपिलवस्तु विशाल जङ्गलमा....’ भनी उल्लेख गरीएका पाईन्छ, (MahaSamaya Sutta,)[५] उक्त कथन अनुसार थुलो जङ्गल हुनुमा राज्यपनी विशाल थियो भन्ने अनुमान गर्न सकीन्छन्, यो राज्यमा राजा शुद्धोदनले आफ्नो छोराका लागी भनी तीन वटा महा दर्वार वनाई दिएको पाईन्छ, जस्लाई ‘रम्य, सुरम्य, सुभ’ गरी नामकरण गरीएको र यो तीनै दर्वार मौसमको अनुसार निर्मित मानीन्छन्, यस् बाट पनी अनुमान गर्न

सकिन्छकी सो राज्यका आर्थिकमापनी निकै राम्रो स्थिती थियो भन्ने बारे बुझीन्छन् । सिद्धार्थ कुमार बुद्धगयामा बुद्धत्व प्राप्त गर्नु भयो भन्ने शुचना बुबा शुद्धोदनले थाहाँ भए पछी, बुद्धलाई कपिलवस्तुमा बोलाउन तीन पटक महामन्त्रीहरु सहित दसँ, दसँ हजार जाना सेनाहरु बुद्ध समक्ष पठाएको उनीहरु पुनः नफर्की भिक्षुत्व ग्रहण गरेको, बौद्ध गन्थहरुमा उल्ले भएको पाईन्छ, यसरी विशाल सेनाहरु पठाउन सम्म सेनाहरु कपिलवस्तुमा थियो भन्ने कुरा यस्बाट पृष्ठि हुन आउँछ। "शा. का. ना. शा" लिपी अंकित माटाका मुद्राहरु पनी हालशाल उत्खनन्को क्रममा फेलापरेको पाईन्छ र विनिमयको माध्यममा मुद्राकै माध्ययम चलाएको यस् बाट प्रष्ट हुन्छ। सो समयमा कपिलवस्तु राज्य निकै शक्तिशाली र विशाल थियो भन्नेबारे उक्त सबै कथन द्वारा पृष्टि गर्न सकीन्छ।

शाक्यवंश (Shakya Clan)

शाकमय वृक्षहरु फाँडेर बस्ति बसालीएकाहरु हुनाले यी व्यक्तिहरु शाक्यहरु हुन गएको मानीन्छन्, यी शाक्यहरु उत्तरीय भागका 'ईक्ष्वुवक' वंश परम्पराका मानीन्छन्, पाली भाषामा 'सकिय, सक्य' भनीन्छ, सम्रात अशोक द्वारा स्थापीत लुम्बिनी अशोक शिलालेखनमा उन्ले " " 'सक्यमुनी' भनीएको पाईन्छ, र भारुतमा पाएका अभिलेखमा पनी " " 'सकमुनिनो' भनी उल्लेख गरीएको पाईन्छ, यसरी गौतम बुद्ध शाक्य वंश भएका नाताले उन्लाई 'शाक्यहरुको सिंह शाक्यसिंह' , शाक्यमुनी, आदी विशेषन नाम बाट पनी आमन्त्रण गरीएको पाईन्छ।

शाक्यहरु क्षत्रीय हरु हुन्, उनीहरु शूर्यवंशीय परम्पराका राज खलकका हुन्, कपिलवस्तुका शासक हरु र देवदहका शासकहरु, यी दुई राज्यका राजपरिवारहरुमा एक राज्य बाट अर्का राज्यमा आवाह, विवाह हुने चलन ज्यादै थियो,

कपिलवस्तुका शाक्यहरु,



उक्त देखाएका चित्रलेखामा कपिलवस्तुका शाक्यहरुका परीवार, राजा सिंहहनु र रानी कन्चना बाट कपिलवस्तृको वृहत रुपमा शासन अघी बढेको पाईन्छ । राजा शुद्धोदनका दुई बहिनीहरु थिईन् अम्रिता तथा प्रमित, भाईहरुमा शुक्लोदन, धौतोदन, अम्रितोदन र अशुक्लोदन गरी चार जाना थिईन्, यस् राज्यका अन्तीम शासक भने सुद्धोदनका जेठा भाई शुक्लोदनका जेठा छोरा महानाम हुन्, उक्त लेखाचित्रमा अन्तर्गत , प्रजापती देवी, यशोधरा देवी, राहुलकुमार, नन्द कुमार, अनुरुद्ध, आनन्द र थुल्लतिस्स पछी सिद्धार्थ कुमार अर्थात गौतम बुद्धका शासनमा प्रवजीत भएका थिए।

देवदहका शाक्यहरु,



उक्त लेखाचित्रको आधारमा अन्जनराज तथा येशोधराका परम्पराका नै देवदहका उत्तराधीकारी प्राप्त भएको देखीन्छ र यस् राज्यमा विशेस गरी सुप्रबुद्धले राज्य समाल्हेको बौद्ध ग्रन्थमा उल्लेख भएको पाईन्छ,उन्कै छोरी यशोधरा देवी जो सिद्धार्थ संङ्ग विवाह भएको थियो र यशोधराकी भाई देवदत्त जो बुद्ध शासनमा प्रवजीत भएको पाईन्छ, सुप्रबुद्धका दुई बहिनी मायादेवी तथा प्रजापती, जो कपिलवस्तुका राजा शुद्धोदनका जेठी तथा कान्छि रानीहरु थिईन्, जेठी रानी मायादेवी उनी सिद्धार्थ कुमारका आमा थिए, उनी जन्मदिएको केही दिनमानै उन्की मृत्यू भएको थियो, उनी पछी सिद्धार्थ कुमारलाई पालनपोषन उन्की सानी आमा प्रजापतीले गरेको थियो, प्रजापती देवी पछी भिक्षुणी भएको बौद्ध ग्रन्थहरुमा उल्लेख भएको पाईन्छ ।

कपिलवस्तुको पतन (Fall of Kapilavastu)

कपिलवस्तुमा राजा शुद्धोदन पछी राम्रो शासकको खाँचोले तत् राज्य बुद्धको समयमानै विनाश भएको र बुद्ध स्वयंले आफ्नै राज्यको पतन भएको देख्नु परेको थियो, कपिलवस्तुको पतनको मुख्य कारण शाक्यहरु नै हुन्, यिनीहरुकै अभीमान, घमण्डकै कारणलेनै विनाश हुनपुगेको हो, बौद्ध साहित्यहरुमा उल्लेख भएका अनुसार साक्यहरु बुद्धका नाता सम्बन्धका व्यक्तिहरु भएतापनी उनीहरु निकै घमण्डि र मानक्कार स्वभावयुक्त व्यक्तीहरु मानीन्छन्।

कपिलवस्तु राज्यमा शुद्धोदन पछी गद्यी हीन भएपछी उन्कै भाई शुक्लोदनका छोरा महानामले राज्य चलाएको पाईन्छ र उन्कै समयमा कोशल जनपदका राजा प्रशेनदीका छोरा विदूदभ, बाट कपिलवस्तु राज्यको विनाश भएको मानीन्छन्। कोशल जनपदका शासक प्रशेनदी जो बुद्धका वंशज संग नाता सम्बन्धता बनाउनु चाहेको थियो र यो खबर कपिलवस्तुका शासक महानाम लाई पाठाएको अवस्थामा शाक्यहरुका मानले, शाक्यहरुको कुल कन्याको सर्ता आफनै दाशीकी छोरी 'वासभखत्तीया' लाई विभीन्न गरगहणा बाट आभूषित गरी शाक्य राजकुमारी झैं कोशल मा पठाईदियो, प्रशेनदी शाक्य राजकुमारी झैं सोची विवाह गरीन् केहि समयको अन्तरालमा उनीबाट छोरा जन्मिन् उस्का नाम थिए वीदूदभ, यी कुमार समय बित्दै जान्दा आफ्नो मामाको घर कपिलवस्तुमा जान इच्छुक भएर आमा वासभखत्तीयाको स्वीकृति विनानै कपिलवस्तु तर्फ लागे, कपिलवस्तुमा पुगेका यी विदूदभ कुमार राजा महानाम सामू गएपनी कोशलमा आफु प्रती पाएको सम्मान सत्कार यहाँ पाएन, किन्तु उनी दासिकी छोरिकी छोरा भएकाले, एक दीन उनी बसेका आसन दुई जाना सेवकले गाईको दूध, गोभर, चन्डण, हल्डिले पवित्र गरीएको देखियो, विदूदभ कुमार आश्चर्यजनक भई सेवहरु संर्ग सोजीए, त्यहाँ वाट उनी दासिकी छोरिकी छोरा भनी थाहाँ पाई, आज गाईको दूध, गोभर, चन्डण, हल्डिले पवित्र गरीएको आशन, कुनै दीन यही शाक्यहरुकै रक्तले पवित्र गर्छु भनी क्रोधतायुक्त कोशल तिर लागे, समयको परिस्थीति लाई हेरी विदूदभले आफ्नै बुबा प्रशेनदी हुदाँ हुदैं राजगद्यी खोसिएर उनी पहिलो, दोस्रो, तेस्रो पटक सम्म कपिलवस्तु ध्वस्त पार्न गएको थियो तर बुद्ध स्वयं उपस्थित भई जानलागेका विदूदभ सहित सिपाहीहरुलाई रोक लगाई आफन्तहरुर्ला बचाएको थियो तर चौठौं पटक सम्म हुन्दाँ, बुद्धले

पनी आफ्नो राज्यमा हुनलागेको विनास, महानर संहार रोक्न सकेन, यस् अवस्थामा विदूदभ सिद्धै राजालाईनै आक्रमण गरी त्यहाँ बाट उन्ले दर्वार, नगर, सहर, गाउँ आदी तहस नहस गरी, दूध पिउँने बच्चालाई समेत उन्ले मारेको थियो । (Bhaddashala Jataka 2007)[५]

विदूदभका आक्रमण बाट बच्न सकेका केही व्यक्तीहरु काठमाण्डौं उपत्यकातिर लागेको अनूमान लगाएको छ, तर यस्मा केही साधकहरु नभेटीएको हुनाले प्रमाणीत गर्न सकिन्नौं, तर केही पुरातत्ववीदहरुका मान्यता अनुसार वर्तमान भारतका पिप्रहवामा अवस्थित, कपिलवस्तु क्षेत्रमा पलायन भएको मानीन्छन्, किनकी त्यहाँ भेटीएका अवशेषहरु र 'अभिलेख अंकित माटाका भाडाँ'[4] तथा 'बुद्ध परिनिर्वाण पछी बुद्धका अस्थिहरु आठ भागमा बाडीएकोमा एक भाग कपिलवस्तुका शाक्यहरुलाई प्राप्त भएको थियो' (Digha Nikaya,2000)[६] र 'सो प्राप्त एक भाग बुद्धका अस्थीलाई पिप्रहवामा अवस्थित कपिलवस्तुमा चैत्य बनाई त्यमा राखेको मानीन्छन् र ई:पू. तेस्रो शताब्धिका सम्रात अशोकले कपिलवस्तु चैत्यमा राखीएका केही अस्थिका भागबाट केही बढी भाग अन्य ठाउँमा लगेको र केही भाग त्यही राखीएको थियो, त्यहाँ राखीएका धातु वर्तमानमा नयाँ दील्ली स्थित संग्रहलयमा संगृहीत गरीएको छ,'[5] उक्त साधकले, यहाँ शाक्यहरु बसेको प्रमानीत गरीएको छ र विदूदभको आक्रमण पछी, बच्नसकेका केही वर्गहरु वर्तमान तिलौराकोट कपिलवस्तुबाट बसोबासको क्रममा वर्तमान पिप्रहवा स्थीत कपिलवस्तुमा बसाई सराई भएको मानीन्छन् ।

निष्कर्ष (Conclusion)

'कपिलवस्तुका शाक्यहरु' भन्ने विषयमा लेखीएको यस् Report लेखनमा विशेष गरी तत्कालीन भारत वर्षमा महाजनपदहरु र त्यसको संक्षिप्त भूमिकालाई समेटीएर, कोशल जनपद बाट स्थापीत भएका कपिलवस्तु राज्यको विषयमा विस्तृत रुपमा उल्लेख गरीएको छ र स्थापीत राज्यको तत्कालीन भूमी क्षेत्रादी र गणराज्यको स्थिती पनि यस्मा केही चर्चा गरीएको छ, बौद्ध ग्रन्थहरुमा उल्लेखीत अनुसार यस गणराज्यका शासकहरुका वंश परम्पराका बारेलाई पनी समेटी, कोशलका शासक विदूदभका आक्रमन पछी कपिलवस्तुको तहस नहस तथा पटन भएको कारण पनी वीष्तृत रुपमा समावेष गरीएको हुनाले पठन गर्ने व्यक्तिले सहज रुपमानै 'कपिलवस्तुका शाक्यहरु'का बारेमा केही जानकारी प्राप्त गर्न सकिन्छकी भन्ने यस Report लेखन बाट अपेक्षा गर्दछुँ ॥



Figure 1. 16 Mahajanapada.



Figure 2. 3. Ancient Kapilavastu Map.



Figure 4. बुद्धका धातु सहित भेटीएका ब्रह्मी अभिलेख अंकीत पिप्रहवामा पाएका माटाका भाडा।

Figure 5. नयाँ दील्लीका संग्रहलयमा राखीएका पिप्रहवामा प्राप्त अस्थी धातु।

Bibliography

1. १. The tripitaka translation Committee, (2006). *Anguttara Nikaya*(1st ed). I Volume p 213; IV Volume p 252, 256, 261 , Nedimala, Colombo, Srilanka. Buddha Jayanti Tripitaka Pvt Ltd .
2. २. Gunasena M.D,(2007). Bhaddashala Jataka 458chp , *Pansiya Panas Jataka Poth*(2nd ed).Sri lanka:M.D Gunasena & Co- Pvt Ltd.
3. ३. Upadhyaya.Prf.Dr. Sree Ram Prasadh,(2074 B.s). Research For Kapilavastu,(7th ed) Kathmandu,Nepal, Ratna Pustak Bhandar.
4. ४. Upadhyaya.Prf.Dr. Sree Ram Prasadh,(2074 B.s). Research For Kapilavastu,(7th ed) Kathmandu,Nepal, Ratna Pustak Bhandar.
5. ५. Gunasena M.D,(2007). Bhaddashala Jataka 458chp , *Pansiya Panas Jataka Poth*(2nd ed).Sri lanka:M.D Gunasena & Co- Pvt Ltd.
6. ६. Bajracharya.Dundabahadur,(2000). Digha Nikaya, MahaParinibbana Sutta, pg 286, III Volume, (1st ed). New Nepal Press Pvt Ltd.
7. 1, 16 Mahajanapada , Retrieved from www.google.com/image.16janapadas.
8. 2.3 Swayambhu D. Tuladhar,(2002), The Ancient City of Kapilvastu-Revisited, Ancient Kapilavastu Map, Thapathai ktm, Nepal, Retrieved from file:///E:/report%20of%20kapilavastu%20T.U/ancient_nepal_151_01%20(1).pdf
9. 4. wikipedia. Piprahwa vase with relics of the Buddha, Retrieved from https://en.wikipedia.org/wiki/Piprahwa
10. 5. Kapilavastu Buddha Relic, Retrieved from www.google.com/image,kapilavastu relic.